# परियत्ति बुलेटीन

वर्ष - १ अंक - ३ बु.स. २५४८ वि.स. २०६१ ने.स. ११२५, चउलाथ्वः ई.स. २००५


सुत्तन्तेसु असन्तेसु, पमुट्ठे विनयम्हि च ।
तमो भविस्सति लोको, सुरिये अत्थङ्गते यथा ॥
सुत्तन्ते रक्खिते सन्ते, पटिपत्ति होति रक्खिति ।
पटिपत्तियं ठितो धीरो, योगक्खेमा न धंसति ॥

अर्थ - सूत्र रहेन भने र विनय नष्ट भयो भने यो लोक त्यस्तै प्रकारले अन्धकारपूर्ण हुन्छ, जसरी सूर्य अस्ताउदा हुन्छ । सूत्र रक्षा भइरहयो भने प्रतिपत्ति रक्षा हुन्छ, प्रतिपत्तिमा स्थिर भइरहने धीर पण्डित योगक्षेम निर्वाण प्राप्त गर्नमा विमुख हुदैन ।

मनोरथपूरणी (अं.नि. अटठ्कथा)

## सम्पादकीय

### परियत्तिको ४२ औं दीक्षान्त

जनमानसमा बुद्धशिक्षाको व्यापक प्रचार गर्ने सफल नेपाल बौद्ध परियत्ति शिक्षाको ४२ औं दीक्षान्त समारोह सम्पन्न हुन गइरहेको छ । परियत्तिको परीक्षामा उत्कृष्ट हुने विद्यार्थीहरुलाई प्रमाणपत्र, पदक र पुरस्कार प्रदान गरिने यसप्रकारको कार्यक्रम परियत्तिको स्थापनासंगै शुरु भएको थियो । परियत्ति विद्यार्थीहरुलाई अध्ययनमा निरन्तरता र मिहेनत गर्न प्रेरित गर्ने यस कार्यक्रमलाई परियत्ति विकासको एक महत्वपूर्ण कार्यको रुपमा लिन सकिन्छ ।

हुनतः परियत्ति शिक्षाका विद्यार्थीहरुको लागि पुरस्कार ग्रहण गर्नु मूल उद्देश्य होइन । परियत्ति शिक्षाको वास्तविक मूल उद्देश्य त बुद्धको शिक्षा पढ्नु, बुझ्नु र व्यवहारमा उतार्नु हो, जसबाट समाज तथा देशमा वास्तविक शान्तिकायम गर्न सकिने हुन्छ तथापि यस्ता प्रेरित गर्ने कार्यक्रमले परियत्ति विद्यार्थीहरुमा आफूले धर्मानुकूल जीवन जिउने सपथ खाएर जिम्मेवार नागरीक हुन प्रेरित गर्दछ भने परियत्तिप्रति अनभिज्ञहरुमा पनि यस शिक्षाको अध्ययन गर्ने सदिच्छा उत्पन्न गर्न सकिन्छ ।



अ. ने. भि. महासंघका अध्यक्ष
श्रद्धेय भिक्षु कुमारकाश्यप महास्थविर

यस्ता महत्वपूर्ण समारोहलाई गतिमान तुल्याउन यस पालि बौद्ध उपासकहरु तथा संघसंस्थाहरु एक पाइला अघिसरेको कुराले परियत्ति प्रति चासो र यसको महत्व व्यापक भएको सुखद आभास भइरहेको छ ।

परियत्तिका विभिन्न तहमा उत्कृष्ट ल्याउने र उत्तिर्ण हुने विद्यार्थीहरुलाई दिइने पुरस्कार र प्रमाणपत्रको अलावा यसपालि उपासक द्वय धर्मरत्न शाक्य "त्रिशुली" र जुजुभाइ तुलाधरबाट हालसम्म "परियत्ति सद्धम्म कोविद" उपाधि प्राप्त सबैलाई स्वर्णपदकको प्रायोजन गरेको भने स्वयम्भू धर्मपासा पुचःबाट कोविद तहदेखि सम्पूर्ण तहहरुमा उत्कृष्ट विद्यार्थी तथा परियत्ति केन्द्रलाई नगद पुरस्कारको घोषणा गरेको छ । त्यस्तै विभिन्न तहमा बोर्ड प्रथम, द्वितीय र तृतीय ल्याउने विद्यार्थीहरुलाई स्वर्ण, रजत र कास्य पदकको प्रायोजन गर्न पनि धेरै श्रद्धालुहरु अघि सरेका छन् ।

परियत्ति प्रतिको यो सद्भावले यस संस्थामा संलग्न सम्पूर्ण श्रद्धालुहरुमा नयाँ आशाको संचार भएको छ र यस प्रकारको पुण्यकार्यको निरन्तरताले परियत्ति शिक्षा चिर स्थायी गर्न मद्दत अवश्य पुग्नेछ र बुद्धशिक्षाको प्रचार गतिमान हुनेछ भन्ने विश्वास लिन सकिन्छ ।

## अनुरोध

तपाईंको परियत्ति केन्द्रहरुको विविध गतिविधिहरुका समाचारहरु, परियत्ति शिक्षासँग सम्बन्धित लेख, रचनाहरु सफा र स्पष्ट अक्षरमा परियत्ति सम्पर्क सचिवालयमा पठाइ सहयोग गरिदिनुहुन बिनम्र अनुरोध गरिन्छ ।

# अशान्त कोलाहलको भीडमा परियत्ति शिक्षा

- भिक्षु संघरक्षित 'सद्धम्म कोविद'

समय धेरै बदलिसकेको छ । धेरै मानिसहरूमा जागरण पनि धेरै आइसकेको छ । भगवान् बुद्धलाई चिन्ने, उहाँको केही गुणहरूलाई बुझ्ने मात्र होइनन्, आजका मानिसहरू उहाँको उपदेशलाई क्रमबद्धरूपमा अध्ययन गर्ने राम्रो माध्यम परियत्ति शिक्षाको बारेमा पनि राम्ररी जान्ने भइसकेका छन् । यसको राम्रो परिणाम हो, बुद्ध संवत् २५४८ मा आएर दुई हजारभन्दा बढी विद्यार्थीहरू उत्तिर्णमात्रै भएका छन्, ४६ वटा यस्तो परियत्ति शिक्षा दिने शाखा केन्द्रहरू भइसकेका छन् ।

बुद्धभूमि नेपालमा भगवान् बुद्धको उपदेश प्रचार प्रसार हुनु सुखद विषय त पक्कै हो । यसका बावजूद पनि, आजको अशान्त र कोलाहल समयमा महामानव भगवान् बुद्धका उपदेशहरूको बढीसेबढी प्रचार हुनु भनेको नै शान्तिको सन्देश यत्रतत्र फैलिनु हो, मानिसहरूको मन-मस्तिष्कमा शान्ति र सन्तोषको लहर जगाउनु हो । इतिहास साक्षि छ, जब जब पनि मानिसहरूले बुद्धको उपदेशलाई राम्ररी बुझेको छ, व्यवहारमा परिशुद्धरूपले पालन गरेको छ, तब तब जस्तोसुकै अनुकूल-प्रतिकूल वातावरणमा पनि आफू आनन्दले बस्न जानेको छ, सम्पूर्ण दुःखबाट मुक्त अवस्थामा स्थित रहन सकेको छ।

आजको बदलिंदो परिस्थितिमा पुनः एकपल्ट बुद्धको शान्तिसन्देशको तड्कारो आवश्यकता भएको जोसुकैले अनुभव गरेकै कुरा हो । धेरैलाई विधितै भएको छ र कसैलाई कारणवश अज्ञानता रहेमा पनि, भनिदिउँ, नेपालमा बुद्धको शुद्ध उपदेशलाई स्पष्टरूपले छर्लंग बुझ्ने गरी सिलसिलाबद्धरूपले पढ्ने व्यवस्था चार दशक अघिदेखि भएको छ, जुन "नेपाल बौद्ध परियत्ति शिक्षा" को नामले सुप्रसिद्ध रहेको छ। अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित यस परियत्ति शिक्षा पढेर बहुसंख्यक व्यक्तिहरू सुखी र आनन्दी जीवन व्यतित गरिरहेको पनि हाम्रै समाजमा प्रत्यक्ष देख्न सकिन्छ।

परियत्ति शिक्षा भन्नाले भगवान् बुद्धले आफ्नो जीवनकालमा बुद्धत्व प्राप्त भइसकेपश्चात् जहाँ जति पनि उपदेश दिनुभयो, जति पनि शिक्षा प्रदान गर्नुभयो, ती सबैलाई समेटिएको राम्रो शिक्षा हो। यसर्थ, परियत्ति शिक्षा पढ्नु भनेकै भगवान् बुद्धको उपदेश जान्नु हो, बुद्धवचनलाई अध्ययन गर्नु हो । यसले मानिसहरूको मन-मस्तिष्कलाई विकास गर्नेदेखि लिएर जीवन जिउने राम्रो कला पनि सिकाइरहेको हुन्छ ।

भगवान् बुद्धले आफ्नो जीवनकालमा सदैव भिक्षु, भिक्षुणी तथा उपासक, उपासिकाहरूलाई पढेर जानेर केवल पण्डित हुनेभन्दा पनि व्यवहारमा पालन गरेर ज्ञानी हुने शिक्षा दिनुभएको छ। पढ्नु ठूलो कुरा कदापि हुन सक्तैन, बरू अभ्यास गर्नु ठूलो कुरा हो । भगवान् बुद्धले "धम्मपद" ग्रन्थमा स्पष्ट भन्नुभएको छ–

***बहुम्पि चे सहितं भासमानो, न तक्करो होति नरो पमत्तो ।***
***गोपो व गावो गणयं परेसं, न भागवा सामञ्ञस्स होति ॥***

अर्थात्, जसरी अर्काको गाई चराउने गोठालोले दूध खान पाउँदैन, त्यसरी नै धेरै धर्मको कुरा गर्न जानेर पनि तदनुसार आचरण नगर्नेलाई श्रमणत्व फल प्राप्त हुन सक्तैन ।

स्पष्ट छ, जान्नु बुझ्नु नै मात्र मुक्ति होइन । यसबाट त केवल बाटोको सही दिशाबोध हुनसक्छ । बरू यसमा शंका छैन, राम्रो फल पाउनु छ त राम्रो कर्म अवश्यै गर्नुपर्दछ, धर्म जानेर त्यसको सही रस चाख्नु छ भने त्यसको बाटोमा लाग्नसक्नुपर्दछ । यसमा मतलब छैन कि त्यो व्यक्तिले थोरैमात्र धर्म जानेको छ, सुनेको छ । महत्वपूर्ण कुरा त यसमा पो छ कि त्यो व्यक्तिले धर्मअनुसार कर्म गरेको छ कि छैन । "धम्मपद" ग्रन्थकै एउटा गाथा यसरी छ–

***अप्पम्पि चे सहितं भासमानो, धम्मस्स होति अनुधम्मचारी ।***
***रागञ्च दोसञ्च पहाय मोहं, सम्मप्पजानो सुविमुत्तचित्तो ।***
***अनुपादियानो इध वा हुरं वा, स भागवा सामञ्ञस्स होति ॥***

अर्थात्, थोरैमात्र धर्मको कुरा गर्नसक्ने भएता पनि धर्मानुसार आचरण गर्ने, राग, द्वेष र मोहलाई हटाई राम्रो धर्मावबोध भएर आफ्नो चित्तलाई क्लेशबाट हटाई, इहलोक र परलोकको चिंन्ता नगर्नेलाई श्रमणत्व फल प्राप्त हुन सक्छ ।

परियत्ति शिक्षाका विद्यार्थीहरूलाई यी कुराको राम्रो ज्ञान भएको हुन्छ । यसर्थ सचेत छन् परियत्ति शिक्षाका विद्यार्थीहरू आफ्नो जीवनप्रति, यो जगतप्रति । जीवनलाई सहीरूपमा अघि दोहोऱ्याउन सफल छन् उनीहरू । यस अलावा पनि, राम्रो नराम्रो योग्य अयोग्य विषयमा प्रायः राम्रो ज्ञान दिलाउछ परियत्ति शिक्षाले । परियत्ति शिक्षाले अँध्यारो गल्लिबाट गुज्रिरहेका बटुवालाई प्रकाशको काम गरिदिन्छ, सबै छर्लंग पारिदिन्छ । सबैभन्दा पहिला त बाटो राम्ररी देख्नुपऱ्यो, त्यसपछि अघि बढ्नु के गाऱ्हो कुरा हो र । त्यो अन्धकार हो, जब केही पनि नदेखेर अघि बढ्न हम्मेहम्मे हुन्छ ।

परियत्ति शिक्षाको बढ्दो प्रचार प्रसार तथा बढ्दो विद्यार्थी संख्या पक्कै पनि सुखद विषय बनेको छ। यसबाट विद्यार्थीहरूमा परियत्ति शिक्षाप्रति चासो बढेको कुरालाईमात्र देखाइराखेको होइन, बल्कि अभिभावकवर्गमा आएको चेतना पनि स्पष्ट्याइरहेको छ । यहाँनिर एउटा कुरा भने बडो ख्याल गर्नुपर्ने हुन्छ । त्यो के हो भने बढ्दो नयाँ विद्यार्थीहरूको चापमा कताकता पुराना विद्यार्थीहरू धेरै मात्रामा छुट्टिदै गएको पनि देखिन्छ । यस कुरामा भने सम्बन्धित क्षेत्रहरूले भरसक छिट्टै विचार पुऱ्याउन आवश्यक देखिन्छ ।

परियत्ति शिक्षाकै विकाशको कुरा गर्नुपर्दा, विद्यार्थीवर्ग लगायत अभिभावकवर्गमा जागरण ल्याउनु, व्यवस्था सुदृढ बनाउनु, सबैबाट सकारात्मक सहयोग आउनु, प्रचार प्रसारको लागि परियत्ति अभियान बेलाबेलामा थाल्नु, आर्थिक पक्षमा बलियो हुनु आदि महत्वपूर्ण हुन आउछ। यसै बीचमा, वर्षभरिमा विद्यार्थीहरूलाई विभिन्न रोचक तथा ज्ञानवर्द्धक कार्यक्रमहरू दिदै जानु पनि परियत्ति शिक्षाको विकासका लागि थप प्लसप्वाइन्ट हुनसक्छ। निकट समयमै आयोजना हुन गइरहेको "परियत्ति बृहद् भेला" यस्तै कार्यक्रमका रूपमा आउने आशा धेरैले संगालेको छ । अस्तु ।

# परियत्ति शिक्षा विषयक तीन प्रश्न : तीन जना व्यक्तित्वहरुसंग

*डा. **लक्ष्मण शाक्य,** बौद्ध क्षेत्रका सुपरिचित व्यक्तित्व । त्रिभुवन विश्वविद्यालय अन्तर्गत संचालित बौद्ध अध्ययन केन्द्रीय विभागमा प्राध्यापन गरिराख्नुभएका उहाँ विभिन्न बौद्ध पत्रपत्रिकाहरुमा लेख रचनाहरु लेख्ने, बुद्धको मानवमय धर्मको प्रचार प्रसार गर्ने कार्यमा व्यस्त हुनुहुन्छ । उहाँ २५४९ औं बुद्धजयन्ती समारोह समितिका सचिव पनि हुनुहुन्छ । उहाँ राखिएको यो ती प्रश्नलाई यहाँ प्रस्तुत गरिएको छ ।*

**१. यहाँको विचारमा परियत्ति शिक्षा भनेको के हो ?**

☛ परियत्ति शिक्षा भनेको नै बुद्धको शिक्षा अध्ययन गर्ने माध्यम हो । बुद्धधर्मको मूल आधारशीला भन्नु नै परियत्ति हो । परियत्ति शिक्षा राम्ररी अध्ययन नगर्ने बुद्धधर्मलाई राम्ररी बुझ्न नसक्ने हुन्छ । बुद्धधर्मलाई राम्ररी नबुझ्नेले बौद्ध जीवन बिताउन सक्दैन । बौद्ध जीवन राम्ररी बिताउन नसक्दा बौद्ध उद्देष्यमा पुग्न सक्दैन । बौद्ध उद्देष्यमा पुग्न नसक्नु भनेकै जीवन व्यर्थमा बित्नु हो ।

**२. परियत्ति शिक्षाले समाजमा कसरी प्रभाव पारेको देख्नुहुन्छ ?**

☛ परियत्ति शिक्षाले समाजमा यति धेरै प्रभाव पारेको देखिन्छ कि बौद्ध परियत्ति पढ्ने विद्यार्थीहरु शान्त स्वभावका छन्, शीलवान छन्, प्रज्ञावान छन् । शीलवान र प्रज्ञावान हुनु भनेकै समाजको निम्ति ठूलो लाभ हो । तसर्थ समाज विकाश गर्नको निम्ति, समाज सभ्य बनाउनका निम्ति परियत्ति शिक्षा ठूलो आधारशीला बनेको छ ।

**३. परियत्ति शिक्षालाई अझ विकाश गर्दै लानको लागि के गर्नुपर्ने जस्तो देखिन्छ ?**

☛ परियत्ति शिक्षाको विकाश गर्नको लागि बौद्धहरु एकजूत हुनुपर्दछ । बौद्धहरुको एकजूत बिना परियत्ति शिक्षाको विकाश गर्न सकिंदैन । बौद्धहरुले यसलाई महत्व दिन सक्नुपर्दछ । बौद्ध भिक्षु, अनगारिका, उपासक तथा उपासिका हुनेहरुले परियत्ति शिक्षा भनेको अनिवार्य शिक्षा हो भनी लिनुपर्दछ । यो शिक्षा नभइनहुने बद्धको शिक्षा हो भन्ने एकरुप विचार आउँनुपर्दछ । तबमात्र यसको ठूलो विकाश हुन्छ र व्यवस्था पनि राम्रो हुँदै जान्छ । मानिसहरुमा पनि यसलाई जान्ने बुझ्ने विचारको जागरण हुनथाल्छ ।

---

***महेन्द्ररत्न शाक्य,** वि.सं. २०५३ मा "परियत्ति सद्धम्म कोविद" उपाधि हासिल गर्नुभएका व्यक्तित्व । विगतका लामो समयसम्म बौद्ध परियत्ति शिक्षाको परीक्षा समितिमा रहेर सक्दो योगदान पुऱ्याउनुभएका उहाँसंग गरिएका तीनवटा प्रश्न यहाँ प्रस्तुत गरिएको छु ।*

**१. विगतका समयमा परियत्ति शिक्षालाई के कस्तो योगदान दिएको भैं लाग्दछ ?**

☛ बौद्ध परियत्ति शिक्षाको रजत जयन्ती पनि राम्ररी हामीले राम्ररी सम्पन्न गरेको थियौं । कहिले कापी जाँच्ने, कहिले प्रश्नपत्र निर्माण गर्ने, कहिले पढाउने जस्ता कामहरु पनि परीक्षा समितिमा रहेर गरें । त्यसमा पनि त्यसबेला म विद्यार्थीरुपमा परियत्ति शिक्षा पढिराखेको पनि थिएं, अझ सक्दो पुस्तकहरु पनि लेख्दै थिएं, जुन मेरो लागि ठूलो गौरवको कुरा थियो ।

**२. हाल परियत्ति शिक्षाको लागि के गरिराख्नुभएको छ ?**

☛ खासै त केही गर्न पाएको छैन । त्यही कहिलेकाहिं प्रश्नपत्र बनाइदिने, कापी जाँचिदिने नै हो ।

**३. भविष्यका समयमा परियत्ति शिक्षाको लागि के गर्ने विचार गर्नुभएको छ ?**

☛ पछिका समयमा पनि आफूले सक्दो सहयोग गर्दै जाने विचार यो मनमा संगालेको छु । हेरुं, समयले कस्तो मोड लिने हो, फुर्सदले कतिको साथ दिने हो ।

---

***सबिता धाख्वा,** बौद्ध क्षेत्रमा सुपरिचित व्यक्तित्व । विभिन्न नेपालका सुगमै दुर्गम क्षेत्रमा पुगेर बौद्ध चेतनाको जागरण गराइराख्ने तिनीले केही समय यता नेपाल बौद्ध परियत्ति शिक्षालाई मूल विषयबस्तु बनाएर एउटा थेसिस तयार पार्नुभएका थिए । उहाँसंग राखिएका यी तीन प्रश्नहरु यहाँ राख्दै छु ।*

**१. तपाईले परियत्ति शिक्षाबारेमा थेसिस गर्ने विचार कसरी ल्याउनुभयो ?**

☛ आफू पनि परियत्ति शिक्षाबाट जन्मेको हुनाले पनि यसमा ठूलो प्रेरणा पाएकी हुं । परियत्ति शिक्षाको स्थापना भएको यतिधेरै भइसकेको छ, तर यसको सही प्रभाव कस्तो भइराखेको छ भन्ने कुरा देखाउनुपर्ने देखिन्छ, जुन समयको माग पनि हो । तसर्थ यसको सही मूल्यांकन र प्रभाव देखाउन पनि यो थेसिस गरेकी थिएं ।

**२. मूलतः यसमा तपाईले देखाउन खोज्नुभएको विषय के हो ?**

☛ मूलतः यथार्थको धरातलमा बसेर यो गर्न योग्य यो गर्न अयोग्य, यो गर्न हुने यो गर्न नहुने जस्ता सही शिक्षाको पहिचान गराउने प्रयास थेसिसमा गरेकी थिएं । यो भन्दा पनि आफूले आफैंलाई चिन्न सक्ने ज्ञान पनि परियत्ति शिक्षा हो । मान्छेलाई चरित्रवान् नैतिकवान् बनाउनसक्ने शिक्षा पनि यही परियत्ति शिक्षा हो । मेरो थेसिसको मूख्य आधार भन्नु नै यस्तै विषय रहेको थियो ।

**३. परियत्ति शिक्षाको लागि के गर्ने विचार राख्नुभएको छ ?**

☛ परियत्ति शिक्षालाई व्यवस्थित बनाउनको लागि आफूले सक्दो सहयोग गर्ने विचार राखेकी छु । हुन त अद्यावधिसम्म पोखरामा जाँदा पनि त्यहाँ परियत्ति शिक्षाको बारेमा बुझाएकी छु । अब चाँदै नै त्यहाँ पनि परियत्ति शिक्षाको शुरुआत् हुन लागिरहेको छ । त्यस्तै बुटवलमा जाँदा त्यहाँ पनि परियत्ति शिक्षाबारेमा भनेर आएकी छु । परियत्ति शिक्षाका लागि शिक्षक-शिक्षिका तालिम हुँदा पनि सहयोग गरेकी छु र आउँदा समयमा पनि स्वयंसेवक भएर सहयोग गरिरहने नै छु । आफूले सक्दो रुपमा यसको विकाश गरी परियत्ति शिक्षालाई अझ स्तरीय बनाउने सोच राखेकी छु ।

**– प्रस्तुतिः भिक्षु संघरक्षित 'सद्धम्म कोविद'**

# बु. सं. २५४८ (वि.सं.२०६१) वर्षको ने. बौ. प. शि.को दिक्षान्त समारोहमा पदक, उपहार तथा नगद पुरस्कारको लागि सहयोग गरि दिनु हुने दाताहरुको नामावली

| क्र.सं. | विद्यार्थी | केन्द्र | कक्षा | श्रेणी | पदक दाता | स्वयम्भू धर्म पाथा पुच, स्वयम्भूपाखे दाता | प्रज्ञानन्द स्मृति चिरपा रु. ५,००/ | भानुराज,शोभा शाक्य थैना, रु. ५,००/ | त्रिरत्नकीर्ति विहार, कीर्तिपुर रु. ५,००/ | नातिबहादुर महर्जन, कुटुभोल,कीतिपुर रु. ४,००/ | अनागारिका सुशीला स्मृति चिरपा (चैत्य) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नन्दमाया माली | वेलुवनाराम विहार ठेचो | १० | २ | ० | रु. ५,०००/ | अनागारिका ज्ञाणशीला रु. ५,००/ | | | | कृष्णमान शाक्य शान्तिनगर |
| २ | वेलुवनाराम विहार ठेचो | १० कक्षाका पुरस्कृत विद्यार्थीको सम्बन्धीत केन्द्र | केन्द्र | ० | ० | रु. ३,०००/ | | | | | |
| ३ | हरिगोपाल डंगोल | जितापुर गन्धकुटी विहार, खोकना | १० | २ | ० | | अनागारिका ज्ञाणशीला रु. ५,००/ | | | | |
| ४ | मिनरवती तुलाधर | धर्मकीर्ति विहार, नघल | १० | ३ | ० | | अनागारिका ज्ञाणशीला रु. ५,००/ | | | | |
| ५ | संगीता धाख्वा | दीपकर परियत्ति शिक्षालय | ९ | प्रथम श्रेणी | ० | प्रकाशरत्न मानन्धर, कुपण्डोल रु. १,०००/ | | | | | |
| ६ | ललिता धाख्वा | दीपकर परियत्ति शिक्षालय | ८ | प्रथम श्रेणी | ० | ईश्वरीदास मधिकमी, राजतीर्थ रु. १,०००/ | | | | | |
| ७ | मोनिस वज्राचार्य | दीपंकर परियत्ति शिक्षालय | ७ | बोर्ड प्रथम | पूर्णबहादुर मानन्धर चमान | पुष्परत्न तुलाधर, स्वयम्भू रु. १,१००/ | अनागारिका ज्ञाणशीला रु. ५,००/ | | | | |
| ८ | अनागारिका धम्मचारी | यशोधरा मा.वि. | ७ | बोर्ड द्वितीय | मोतिलाल शिल्पकार मानभवन | | अनागारिका ज्ञाणशीला रु. ५,००/ | | जुलुम शाक्य, कीर्तिपुर रु. ५,००/ | | बुद्धदास शाक्य ग्वार्को |
| ९ | अनागारिका अमरावती | यशोधरा मा.वि. | ७ | बोर्ड तृतीय | अष्टरत्न, रत्नदेवी धाख्वा नागबहाल | | अनागारिका ज्ञाणशीला रु. ५,००/ | | | नातिबहादुर महर्जन, कुटुभोल,कीतिपुर रु. ४,००/ | |
| १० | श्रामणेर उत्तमो | विश्व शान्ति विहार | ६ | बोर्ड प्रथम | तीर्थबहादुर मानन्धर चमान | पुण्य शाक्य, ढल्को, क्षेत्रपाटी रु. ५००/- | | भानुराज,शोभा शाक्य रु. ५,००/ | | | |
| ११ | सीता ताम्रकार | विश्वशान्ति विहार | ६ | बोर्ड द्वितीय | धर्मबहादुर धाख्वा कृष्णगल्ली | | | | जुलुम शाक्य, कीर्तिपुर रु. ५,००/ | | प्रमेश्वर शाक्य |
| १२ | रश्मि शाक्य | दीपंकर परियत्ति शिक्षालय | ६ | बोर्ड तृतीय | धनबहादुर नकर्मी ढल्को | | | | | नातिबहादुर महर्जन, कुटुभोल,कीतिपुर रु. ४,००/ | |
| १३ | निरोज खरजित | परोपकार मा.वि. | ५ | बोर्ड प्रथम | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर लाजिम्पाट | प्रकाश तुलाधर, श्रीघ रु. ५००/- | | भानुराज,शोभा शाक्य रु. ५,००/ | | | |
| १४ | टेकबहादुर श्रेष्ठ | परोपकार मा.वि. | ५ | बोर्ड द्वितीय | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर लाजिम्पाट | | | | जुलुम शाक्य, कीर्तिपुर रु. ५,००/ | | |
| १५ | श्रा. पञ्ञोतो | विश्वशान्ति विहार | ५ | बोर्ड तृतीय | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर लाजिम्पाट | | | | | नातिबहादुर महर्जन, कुटुभोल,कीतिपुर रु. ४,००/ | |
| १६ | रोजिता बुद्धाचार्य | संघाराम विहार | ४ | बोर्ड प्रथम | दुण्ढबहादुर वज्राचार्य वनबहाल | रेणुकादेवी मानन्धर, कुपण्डोल, रु. ५००/- | | भानुराज,शोभा शाक्य रु. ५,००/ | | | |
| १७ | सुजन महर्जन | भास्वरा मा. वि. | ४ | बोर्ड द्वितीय | तारादेवी शाक्य ओकुबहाल | | | | जुलुम शाक्य, कीर्तिपुर रु. ५,००/ | | |
| १८ | रामदेवी महर्जन | परोपकार मा.वि. | ४ | बोर्ड तृतीय | वावुकाजी शाक्य लगनखेल | | | | | नातिबहादुर महर्जन, कुटुभोल,कीतिपुर रु. ४,००/ | |
| १९ | सरू डंगोल | भास्वरा मा.वि. | ३ | बोर्ड प्रथम | सानु मानन्धर भोछें | जगतरत्न कंसा, न्यत पाचो रु. ५००/- | | भानुराज,शोभा शाक्य रु. ५,००/ | | | |
| २० | रीनु श्रेष्ठ | भास्वरा मा. वि. | ३ | बोर्ड द्वितीय | संघरत्न शाक्य भक्तपुर | | | | जुलुम शाक्य, कीर्तिपुर रु. ५,००/ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | सुजाता मानन्धर | जगतसुन्दर ब्वंनकुथी | ३ | बोर्ड तृतीय | पन्नादेवी ताम्राकार चिकंमुगल | | | | | नातिबहादुर महर्जन, कुटुभोल,कीर्तिपुर रू. ४,००. | |
| २२ | श्रामणेर नागित | विश्व शान्ति विहार | २ | बोर्ड प्रथम | जगतमाया मानन्धर चमान | अमर स्थापित, नयाँ बजार रू. ५०० - | | सानुराजा,शोभा शाक्य रू. ५,००. | | | |
| २३ | विनीता बादे | बोधिचर्या विहार | २ | बोर्ड द्वितीय | लक्ष्मी मानन्धर कालीमाटी | | | | जुलुम शाक्य, कीर्तिपुर रू. ५,००. | | |
| २४ | श्रामणेर धम्मघोष | विश्वशान्ति विहार | २ | बोर्ड तृतीय | हिरावहादुर मानन्धर भीमसेनस्थान | | | | | नातिबहादुर महर्जन, कुटुभोल,कीर्तिपुर रू. ४,००. | |
| २५ | अनिता बुद्धाचार्य | संघाराम विहार | १ | बोर्ड प्रथम | शकुन्तला प्रधान ठमेल | संगीता शाक्य, इन्द्रचोक, रू. ५०० - | | सानुराजा,शोभा शाक्य रू. ५,००. | | | |
| २६ | संगीना बज्राचार्य | विश्वशान्ति विहार | १ | बोर्ड द्वितीय | मैत्री शाक्य प्रयागपोखरी | | | | जुलुम शाक्य, कीर्तिपुर रू. ५,००. | | |
| २७ | श्रीजना महर्जन | महालक्ष्मी इंगलिस स्कूल,फुटुंग | १ | बोर्ड तृतीय | चन्द्रबहादुर मानन्धर, चसान | | | | | नातिबहादुर महर्जन, कुटुभोल,कीर्तिपुर रू. ४,००. | |
| २८ | D.A.V.School, Jawalakhel | परीक्षामा धेरै विद्यार्थी सहभागी गरेको स्कूल | | | | देशरत्न कसा:,असन (बुद्धमूर्ति उपहार) | | | | | |

**थः मस्तयेत बौद्ध परियत्ति शिक्षा ब्वंका नैतिकवान्, सच्चरित्रवान् यानादिसँ, थः नं मेपित नं भिं जुइगु कर्म यानादिसँ ।**

नेपाल बौद्ध परियत्ति शिक्षा

## परियत्तिको तेस्रो वार्षिक सभा हुने

बौद्ध परियत्ति शिक्षाको व्यवस्थित ढंगमा विकास गर्न, प्रचार प्रसार गर्न नेपाल बौद्ध परियत्ति शिक्षाको आयोजनामा नेपाल बौद्ध परियत्ति शिक्षाको वार्षिक सभा प्रत्येक वर्ष आयोजना हुँदै आइरहेको छ। यस्तै गरी यस वर्षको तेस्रो वार्षिक सभा यही आउँदो २०६१ साल बैशाख १७ गते शनिवार होटल ब्ल्यू स्टार, त्रिपुरेश्वरमा आयोजना हुन लागिरहेको छ।

## स्वयम्भू धर्म पासा पुचःको तर्फबाट विभिन्न पुरस्कारको घोषणा

स्वयम्भू धर्म पासा पुचः स्वयम्भूको दाताहरुको तर्फबाट बौद्ध परियत्ति शिक्षाको परीक्षाको विभिन्न कक्षामा उच्चतम अंक ल्याउने तथा बोर्ड स्थान प्राप्त विद्यार्थीहरुलाई हौसला र प्रेरणा दिने उद्देश्यले विभिन्न रकमका नगद पुरस्कारहरुको घोषणा गरेका छन् । उक्त पुरस्कारका रकमहरु यसप्रकार रहेका छन् ।

*(क) कोविद अन्तिम वर्ष (१० कक्षा) मा बोर्ड ल्याउनेलाई - रु. १०,०००/- र परीक्षा दिलाउने केन्द्रलाई रु. - ५,०००/- बोर्ड नआएमा उच्चतम अंक ल्याउनेलाई - रु. ५,०००/- परीक्षा दिलाउने केन्द्रलाई रु. - ३,०००/-*

(ख) कोविद मध्यम वर्ष (कक्षा ९) र कोविद प्रथम वर्ष (कक्षा ८) मा उच्चतम अंक ल्याउने एक/एकजना विद्यार्थीलाई रु. १,०००/-

(ग) परियत्ति सद्धम्म पालक (कक्षा ७) मा बोर्ड प्रथम हुनेलाइ रु.११,००/-

(घ) प्रवेश तृतीय वर्ष (कक्षा ६) देखि प्रारम्भिक प्रथम वष (कक्षा १) सम्म बोर्ड प्रथम हुनेहरुलाई रु. ५,००/-

## बोर्ड प्रथम, द्वितीय र बोर्ड तृतीय हुने विद्यार्थीहरुलाई पदक तथा नगद पुरस्कार

बु. सं. २५४८ वर्षको परीक्षामा बोर्ड प्रथम, द्वितीय र तृतीय हुनेहरुलाई विभिन्न दाता महानुभावहरुको सहयोगमा स्वर्ण, रजत र काश्य पदक प्रदान गर्ने भएको छ । त्यस्तै त्रिरत्नकीर्ति विहार, कीर्तिपुरको तर्फबाट प्रारम्भिक प्रथम वर्ष (कक्षा १) देखि परियत्ति सद्धम्म पालक (कक्षा ७) सम्म बोर्ड द्वितीय स्थान ल्याउने विद्यार्थीहरुलाई रु. ५,००/- र नातीबहादुर महर्जन, कुटुभोल,कीर्तिपुरको तर्फबाट सोही कक्षामा बोर्ड तृतीय स्थान ल्याउने विद्यार्थीहरुलाई रु. ४,००/- को दरले नगद पुरस्कार दिने घोषणा गरेका छन् । यस अघि यसप्रकारको व्यवस्था थिएन ।

## दीक्षान्त समारोहको लागि सहयोग

मिति २०६१ साल चैत्र २७ गते शनिवार सम्पन्न हुने बु.सं. २५४८ (बि. सं. २०६१) सालको ने. बौ. प. शि. को परीक्षामा बोर्ड स्थान तथा उच्चतम अंक ल्याउने विद्यार्थीहरु तथा हालसम्म परियत्ति सद्धम्म कोविद तह उत्तीर्ण गरि सकेका विद्यार्थीहरुलाई स्वर्ण पदक प्रदान गरिने दीक्षान्त समारोहमा पदकको लागि नरेशरत्न बज्राचार्य, बुटवल,

जलपानको लागी श्री नरेश सम्पत्ति शाक्य, विराटनगरबाट तथा प्रेमशोभा समूहबाट, सुचित्रमान शाक्य, ज्यागलबाट निमन्त्रणा कार्ड र ब्यानर लेखनको लागि आर्थिक सहयोग प्रदान गर्नुभएको छ। त्यस्तै गरेर दुण्डबहादुर बज्राचार्यले मिलिन्द प्रश्न नेपाली भाषाको ५० वटा, अनागारिका चमेली र अनागारिका अनुपमाहरुले सिसाकलम तथा कापीहरु प्रदान गर्नुभइ सहयोग पुऱ्याउनु भएकोले उहाँहरुप्रति नेपाल बौद्ध परियत्ति शिक्षाको सम्पर्क सचिवालय, नयाँ बानेश्वर उहाँहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ। त्यस्तै गरेर धनबहादुर नकर्मीले परियत्तिको पुस्तकहरु किन्न नसक्ने विद्यार्थीहरुको लागी १०० वटा प्रारम्भिक प्रथम, द्वितीय र तृतीय वर्षको संयुक्त पुस्तक किनी सहयोग गरिदिनु भएको छ। अतः उहाँलाई पनि ने. बौ. प. शि. धन्यवाद ज्ञापन गर्दछ।

## सद्धम्म कोविद उपाधि उत्तीर्ण विद्यार्थीहरूलाई स्वर्णपदक प्रदान गरिने

नेपाल बौद्ध परियत्ति शिक्षाको "परियत्ति सद्धम्म कोविद" उपाधि उत्तीर्ण गरिसकेका विद्यार्थी तथा उत्तीर्ण हुनेहरूलाई सम्मान स्वरूप श्रद्धालु दाताहरू द्रय धर्मरत्न शाक्य 'त्रिशुली' र जुजुभाइ तुलाधर, ज्ञानेश्वरले १०८ वटा स्वर्णपदक प्रायोजन गरिदिने भएको छ। उक्त स्वर्णपदक प्रत्येक वर्ष प्रधान केन्द्रबाट आयोजना गरिने दीक्षान्त समारोहका दिनमा ने.बौ.प.शिक्षाका शिक्षाध्यक्ष, सह-शिक्षाध्यक्ष अथवा भिक्षु महासंघका अध्यक्षमध्ये उक्त अवस्थामा उपयुक्त व्यक्तिको हातबाट कोविद उपाधि प्राप्त विद्यार्थीहरूलाई प्रदान गर्ने भएको छ। यस अनुसार मिति २०६१ साल चैत्र २७ गते परियत्ति शिक्षाको सम्पर्क सचिवालय विश्व शान्ति विहार, नयाँ बानेश्वर हुने बु.सं. २५४८ वर्षको दीक्षान्त समारोहमा उक्त पदक वितरण गरिने भएको छ।

## परियत्ति प्रतिज्ञा

नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान् बुद्धको उपदेशहरु सिक्ने मौका पाएँ। यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्राप्त ज्ञानलाई मैले आफ्नो मन, वचन र कर्मले पालन गर्नेछु। मैले यो ज्ञान मेरो परिवार र समुदायलाई पनि सिकाउँनेछु। यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले नेपालमा बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्नभै सक्दो योगदान दिन कार्यमा निरन्तर लाग्नेछु।

## The Need for Pariyatti Education Today

Despite the increase in material comforts and conveniences available in our society today, there is great turmoil and strife afflicting the lives of all, wealthy and poor. Including more and more towards materialistic ideas of happiness, people continue to suffer-ignorant of the forces at work that obstruct the peace they desire. In his teaching the Lord Buddha provides the perfect remedy for the problem of suffering in all its myriad expressions, showing us how to see for ourselves that it is our own attitudes and desires, the avarice and lust, anger and judgement we harbour in our own hearts that cause us to suffer. Today, as social pressures and unrest increase there is an urgent need for the effective solutions offered by the teachings of the Buddha.

In Nepal, the current curriclula of our schools are designed to educate students in intellectual, technical and artistic knowledge only. Yet there is a complete lack of formal education in that which might help students learn how to be truly human. Consequently, even the cream of our educated society can display a lack of humanity, creating crippling unhappiness for themselves as well as others. Pariyatti Education answers this requirement, and can thereby play an important role in the establishment of a healthy society in these changing times.

Education in Pariyatti also stands to benefit the many professed Buddhists in Nepal, the majority of whom remain unaware of what the Buddha actually taught. In general, the ritualistic and superstitious forms of worship that have become traditional have not communicated to the people the uplifting and potentially liberating message of their own religion. It is therefore high time the Buddha's teaching wree shared among the entire Buddhists Population of Nepal.

In spite of the great for widerspread education in Priyatti throughout Nepalese society, there are very few qualified teachers. In order to provide the opportunity to learn the Buddhist teaching in every corner of the remote country, many more will be needed. Therefore, to fulfil this primary need of training the much greater numbers required of qualified teachers in pariyatti, it is crucial to conduct today the sustematised teaching of Pariyatti Education throughout the entire region.

It is hoped that those who recognise the urgent need in Nepal for the development of a systematised and well- managed Pariyatti Education program will whole-heartedly apply thelnselves to serving that end.

# "अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित"

## नेपाल बौद्ध परियत्ति शिक्षा

### *बु.सं. २५४८ (बि.सं. २०६१) को परीक्षा परिणाम*

| क्र. सं | केन्द्र | आवेदन व्यूपि | परीक्षा व्यूपि | वोर्ड | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | जम्मा उत्तीर्ण |
|---|---|---|---|---|---|---|---|---|
| १ | शाक्यसिंह परियत्ति शिक्षालय, थैना | ११६ | १०१ | ० | १८ | ४१ | ३६ | ९५ |
| २ | धर्मकीर्ति विहार, श्रीघ | १५१ | १०६ | ० | ४२ | ३९ | १९ | १०० |
| ३ | गणमहा विहार, गणबहाल | १८ | १५ | ० | ९ | ३ | १ | १३ |
| ४ | कन्या उच्च मा.वि., न्ह्योखा | २० | १५ | ० | ४ | ८ | २ | १४ |
| ५ | क्वन्तिइश्वरी मा.वि., प्याफ: | ३५ | २९ | ० | १८ | ६ | ४ | २८ |
| ६ | क्सा:तध गुथी, ठमेल | ४३ | ३० | ० | १३ | ८ | ५ | २६ |
| ७ | यशोधरा बौद्ध वि., थैना | ४८ | ३२ | २ | १२ | ९ | ६ | २९ |
| ८ | ललित विकास निम्न मा.वि., कुटीसौगल | ४३ | २९ | ० | २ | ४ | ३ | ९ |
| ९ | लुम्बिनी परियत्ति केन्द्र, लुम्बिनी | ४४ | ३४ | ० | १३ | १६ | ३ | ३२ |
| १० | लोककीर्ति महाविहार, नक्वहिल | ५७ | १ | | ० | ० | ० | ० |
| ११ | विश्व शान्ति विहार, मीनभवन | ९२ | ६३ | ६ | ३४ | १५ | ३ | ५८ |
| १२ | जितापुर विहार, खोक्ना | ४६ | ४२ | ० | १० | २० | ८ | ३८ |
| १३ | सिद्धिमंगल विहार, थसि | ३१ | २३ | ० | ३ | १७ | १ | २१ |
| १४ | पाटी विहार, ठिमी | १६ | ११ | ० | ४ | ६ | ० | १० |
| १५ | प्रणिधिपूर्ण विहार, बलम्बु | ८४ | ७१ | ० | २३ | २२ | १७ | ६२ |
| १६ | परोपकार मा.वि., भिमसेनस्थान | १०४ | ७८ | ३ | २५ | २० | १५ | ६३ |
| १७ | वेलुवनाराम विहार, ठेचो | ४३ | ३५ | ० | १० | १४ | ८ | ३२ |
| १८ | जगत सुन्दर ब्वनेकुथी, ङलु | ४४ | ३६ | १ | १५ | १० | ६ | ३२ |
| १९ | ज्योति विहार, चापागाउँ | ५२ | ४४ | ० | २२ | १६ | ३ | ४१ |
| २० | नगदेश बुद्ध विहार, नगदेश | २४ | २२ | ० | ८ | ६ | ६ | २० |
| २१ | भानु मा.वि. (दरबार हाइ.), रानीपोखरी | १६ | ९ | ० | २ | ३ | ४ | ९ |
| २२ | भास्सरा मा. वि., पुर्णचण्डी | ११५ | १०६ | ३ | ७१ | २७ | ५ | १०६ |
| २३ | महालक्ष्मी इङ्गलिस स्कूल, फुटुङ्ग | ७४ | ५१ | १ | २२ | १९ | ९ | ५१ |
| २४ | मुनि विहार, भक्तपुर | ५४ | ४१ | ० | २१ | १३ | ७ | ४१ |
| २५ | आनन्दकुटी विद्यापिठ, स्वयम्भू | ६६ | ४५ | ० | १७ | १६ | १२ | ४५ |
| २६ | अमरापुर विहार, बुङ्गमती | ६१ | ५१ | ० | २५ | १३ | १० | ४८ |
| २७ | दीपंकर परियत्ति शिक्षालय, नागवहाल | ४८ | ३८ | २ | १८ | ८ | ८ | ३६ |
| २८ | बौद्धजन विहार, सुनाकोठि | २७ | २६ | ० | ५ | १३ | ४ | २२ |
| २९ | बोधिचर्या विहार, बनेपा | ७४ | ५१ | १ | २२ | १२ | १२ | ४७ |

## बु. सं.२५४८ (वि.सं. २०६१) को विभिन्न प्राइभेट केन्द्रको परीक्षाको परिणाम

| क्र.सं. | केन्द्र | परीक्षा दिने | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | जम्मा उत्तीर्ण |
|---|---|---|---|---|---|---|
| १ | डि. ए. भि. स्कूल, जावलाखेल | ५९४ | ३०५ | १९३ | ८६ | ५८४ |
| २ | शान्तिवन, गोदावरी | १५ | ८ | ६ | १ | १५ |
| ३ | यशोधरा बौद्ध विहार, झापा | २९ | ८ | ८ | ९ | २५ |
| ४ | विराट बौद्ध संघ, विराटनगर | २० | १२ | ४ | ४ | २० |
| ५ | आदर्श सरल मा.बि., नागबहाल | ६३ | १९ | १९ | २५ | ६३ |
| ६ | अरुण उपत्यका मकालु बुद्ध गुम्बा, संखुवासभा | ३८ | २२ | ५ | ८ | ३५ |
| | जम्मा | ७५९ | ३७४ | २३५ | १३३ | ७४२ |

## आव्हान

विगत ४२ वर्ष अगाडिदेखि निरन्तररूपमा संचालन हदै आएको नेपाल बौद्ध परियत्ति शिक्षाको विकास र अभिवृद्धिको लागि तपाईंहरूले निम्न प्रकारले सहयोग गर्नसक्नु हुनेछ :-

(क) प्रधान केन्द्रबाट हुने दीक्षान्त समारोह र शाखा केन्द्रहरूमा हुने पुरस्कार वितरण कार्यक्रममा सहयोग जुटाएर ।

(ख) विभिन्न ठाउामा अध्यापन गराउन जाने परियत्ति शिक्षाको शिक्षक/शिक्षिकाहरूलाई गाडी भाडाको प्रायोजन गरेर ।

(ग) परियत्तिका विभिन्न तहका पाठ्यपुस्तकहरू प्रकाशन गरि दिएर ।

(घ) परियत्ति सभाको सदस्य बनेर ।

(ङ) विद्यार्थीहरूलाई पाठ्यपुस्तक तथा स्टेशनरीका सामानहरू उपलब्ध गराई हौसला बढाएर ।

(च) आ-आफ्ना बाल-बालिकाहरूलाई पायक पर्ने केन्द्रमा परियत्ति शिक्षा पढ्न दिएर ।

## सूचना

यस परियत्ति बुलेटीन प्रत्येक तीन तीन महिनामा प्रकाशित हुने भएको हुँदा परियत्ति शिक्षाप्रति माया र सद्भाव राख्नुहुने श्रद्धालु दाता महानुभावहरुले एक-एक अंक प्रायोजन गर्न चाहनुभएमा यस नेपाल बौद्ध परियत्ति शिक्षाको सम्पर्क सचिवालयमा सम्पर्क राख्नुहुन सादर अनुरोध गरिन्छ ।

दीवंगत बिरेन्द्रलाल श्रेष्ठको पुण्यस्मृतिमा प्रेमलाल श्रेष्ठ र गायत्री श्रेष्ठ, नयाँ बानेश्वर तथा दीवंगत पद्मराज शाक्यको पुण्य स्मृतिमा हेरादेवी शाक्य, बौद्धबाट संयुक्त रूपमा यस अंक प्रकाशन गर्नको लागि प्रायोजन गरिदिनुभएको छ । उहाँहरूलाई नेपाल बौद्ध परियत्ति शिक्षा, सम्पर्क सचिवालय, नयाँ बानेश्वर साधुवाद व्यक्त गर्दछ ।

सहयोगार्थ रु ५/- मात्र

नेपाल बौद्ध परियत्ति शिक्षाको सम्पर्क सचिवालयबाट प्रकाशित, ठेगाना: विश्व शान्ति विहार, मीनभवन, काठमाडौं
पो.ब.नं - ८९७३, एन.पी.सी. - ३२७, फोन नं. ४-४८२९८४/४-४८२२५० (+Fax)
सम्पादक : **भिक्षु बोधिज्ञान**, प्रबन्ध सम्पादन : **त्रिरत्न मानन्धर** सम्पादन सहयोगी : **बासुदेव देशार** विशेष सहयोगी : **भिक्षु संघरक्षित**
कम्प्युटर सेटिङ्: राम कृष्ण देशार, छपाई :प्रिन्ट हाउस, बांगेमुढा, काठमाडौं, फोन नं.४-२५४९६०